# कोहलपुर नगरपालिका

## कोहलपुर, बाँके

**नगर उपप्रमुख श्री सञ्जु कुमारी चौधरी ज्यूबाट प्रस्तुत**
**आ.व. २०७७/०७८ को बजेट बक्तव्य**

# नगर उप-प्रमुख श्री सञ्जु कुमारी चौधरीज्यू बाट सातौं नगरसभा प्रस्तुत
# कोहलपुर नगरपालिकाको बजेट बक्तव्य

मिति : २०७७ असाढ १०

कोहलपुर नगरपालिकाको सातौं नगर सभाका आदरणिय सभाध्यक्ष ज्यू, यस सभामा उपस्थित नगर सभाका सम्पुर्ण सभासद् ज्युहरु म यहाँहरु सवैलाई हार्दिक अभिवादन गर्दै कोहलपुर नगरपालिकाको उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले आगामी आ.व. २०७७/०७८ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यू ,**

१. शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र सबै खालका स्वतन्त्रताको आन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पुर्ण सहीदहरु प्रति म हार्दिक सद्धासुमन अर्पण गर्न चाहन्छु ।

२. स्थानीय निर्वाचन मार्फत हामीले कार्यभार सम्हालेको तिन वर्ष व्यतित भएको छ । यस अवधिमा हामीले कोहलपुरको शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक र पुर्वाधार लगायत समग्र कोहलपुरको विकासमा सकरात्मक कामहरुको थालनी गरी विकासको आधारशिला तयार गरेका छौं ।

३. **कोरोना भाइरस (कोभिड-१९)** बाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दाबन्दी बीच आज म स्थानीय सरकारको उपप्रमुखको हैसियतमा आगामी आ.व.२०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहदा नगरवासीको जीवनरक्षा तथा मुलुकको आर्थिक, सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर भएकी छु । यस महामारीको संकटलाई सामना गर्न सबै नगरवासीको साथ र सहयोगका लागि हार्दिक अनुरोध गर्न चहान्छु ।

४. चालु आ.व.मा हामीले पारित गरेका नीति तथा विकासका कामहरु सञ्चालनको दौरानमा रहेका वखत कोभिड-१९ रोगको संक्रमण रोकथाम गर्न नेपाल सरकारले गरेको वन्दावन्दीका कारणबाट प्रत्यक्ष रुपमा प्रभावित भएका छन् । बन्दावन्दीको कारणवाट प्रभावित विपन्न, गरिव तथा मजदुर वर्गका लागि राहत सहयोगको र भारत लगायत तेस्रो देशबाट फर्किएका नगरवासीहरुको जिवन रक्षाका लागि क्वारेन्टाईन तथा आईसोलेशन केन्द्रको व्यवस्थापनका कार्यलाई उच्च प्राथमकिताका साथ सम्पादन गरिरहेका छौं । यस कार्यमा हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने राजनितिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, सहकारीकर्मी, सामुदायिक संघसंस्था, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक लगायत सम्पुर्ण जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चहान्छु ।

५. हालको विषम परिस्थितिमा हामीलाई प्राप्त भएको सिमित स्रोतलाई सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी हाम्रो सामु आएको छ । यी र यस्तै जिम्मेवारी बहनको अवस्थामा कोहलपुर नगरपालिकाको आ. व. २०७७/०७८ को आय-व्ययको बजेट यस कोहलपुर नगरपालिकाको गरिमामय सातौं नगरसभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेकी छु ।

६. सामाजिक, भाषिक तथा सांस्कृतिक विविधताले भरिपुर्ण यस सुन्दर कोहलपुर नगरीलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने उच्च संभावनायुक्त नगरको रुपमा विकास गरी नगरका जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने कार्यभार हाम्रो सामु रहेको छ ।

७. तिब्र शहरीकरण तथा बसाईसराईको उच्च चाप भएको यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, शिक्षा लगायतका पुर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्नु पर्ने टड्कारो आवश्यकता  रहेको छ । वर्षौ देखि उपेक्षित उत्पीडित अवस्थामा रहेका दलित, महिला, तेस्रो लिंगि,  आदिवासी जनजाति, थारु, मुस्लिम, मधेसी, मुक्त कमैया कम्लहरी लगायतका समुदायहरुको शसक्तिकरण र क्षमता विकासका कामहरुमा लगानी बढाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

८. कोभिड-१९ को कारणले रोजगारीका अवसरहरु गुमाई भारत लगायत तेस्रो मुलुकवाट फर्किएका युवाहरुलाई तत्काल रोगारी सृजना गर्न कृषि तथा पशुपंक्षीको क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता देखिन्छ भने अर्केतर्फ पर्यटन र बनमा आधारित घरेलु, साना तथा कुटीर उद्योगको विकासबाट रोजगारी एवं आयआर्जनका अवसरहरुको सृजना गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

९. भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरिकहरुलाई कोभिड-१९ संक्रमणको संभावित जोखिम न्युनिकरण गर्न स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रमा विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य निर्देशिका वमोजिमका पुर्वाधार निर्माण, उपचार र परिक्षणको आवश्यक प्रवन्ध गर्न, अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापन र संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्य र पिसिआर मेशिन खरिद गर्न विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

१०. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको प्रभावकारी रुपमा परिचालन गरी  बन तथा वातावरणको संरक्षण गर्दै पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, एकीकृत शहरी विकास, उद्योग व्यापार लगायत विभिन्न क्षेत्रको संन्तुलित विकासलाई एकैसाथ समानान्तर रुपमा अधि वढाउनु अहिलेको प्राथमिकता र आवश्यकता देखिएको छ ।

११.बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गर्दै **स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)** को अनुशरण गर्दै आ.व.२०७७/०७८ को यो बजेटको खाका तयार गरिएको छ । नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन-२०७४ मा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिवद्ध मौलिक हकहरु, पन्ध्रौं राष्ट्रिय योजनाका प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम आवाधिक योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०७७/०७८ को नीति, मार्ग दर्शन र बजेट नीतिलाई समेत आधार मानी स्थानीय आवश्यकता र जनचाहाना अनुरुप सहभागितात्मक तथा पारदर्शी पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ ।

१२. **आ. व. २०७७/०७८ को यस बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।**

- क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकता प्रदान गर्ने ।
- कोभिड-१९ को संक्रमण र रोकथामका कार्यहरु गर्ने ।
- भारत लगायत तेस्रो मुलुकबाट फर्किएका युवाहरुलाई रोजगारी तथा स्वरोजगारीको श्रृजना गर्ने
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- कोहलपुर नगरको पहिचान स्थापित हुने खालका तथा गौरबका योजनाहरु सञ्चालन गर्ने
- नगरपालिकाका सवै वडाहरुमा स्तरीय सडकमार्गको विस्तार गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अधिवृद्धि गर्ने
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने
- सक्षम र सुदृढ स्थानीय सुशासन तथा सेवा प्रवाहको विकास गर्ने

१३. **आ व २०७७/०७८ को यस बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन् ।**

१. कोभिड-१९ को महामारीका कारण रोजगारी गुमाएर भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरीक हरुका लागि रोजगार सृजना गर्ने ।

२. कोभिड-१९ संक्रमणको संभावित जोखिम न्युनिकरणका लागि स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रमा विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य निर्देशिका वमोजिमका पुर्वाधार निर्माण, उपचार र परिक्षणको आवश्यक प्रवन्ध गर्ने ।

३. कोभिड-१९को नियन्त्रणका लागि अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापनका साथै कोभिड-१९ बाट संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्य गर्ने । आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँगको समन्वयमा पिसिआर मेशिन खरिद गरी कोभिड-१९ परिक्षणको सेवा विस्तार गर्ने ।

४. आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।

५. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने  र राजस्व परिचालनमा योगदान पुर्‍याउने ।

६. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिबृद्धि गर्ने ।

७. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने ।

८. दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने ।

९.सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने ।

**आदरणीय सभाध्यक्ष ज्यु ,**

अव म गत आ. व. २०७७/०७८ को संसोधित आय व्यय र आ. व. २०७७/०७८ को अनुमानित आय-व्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

१४.आ. व.२०७४/०७५ मा राजस्वको लक्ष्य रु.६,४७,००,०००।-( छ करोड सरचालिस लाख) मा चालु आ.व.को अषाढ मसान्त सम्म राजस्व संकलन रु ४,४८,००,०००।- (चार करोड अठ्चालिस लाख) हुने संसोधित अनुमान रहेको छ  । यो रकम कुल लक्ष्यको ६९ प्रतिशत रहने आंकलन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू ,**

१५. आ.व. २०७७/०७८ मा कोहलपुर नगरपालिकामा तपशिलमा उल्लेखित श्रोतहरुबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउदछु । जसको संक्षिप्त विवरण निम्नानूसार रहेको छ ।

**क) आन्तरिक राजस्व बाट** : रु ५,००,००,०००।- (पाँच करोड)

**ख) संघीय सरकार बाट प्राप्त हुने अनुदान रकम**

१. सशर्त अनुदान तर्फ रु.२९,७३,००,०००।- (उन्तिस करोड त्रिहत्तर लाख),

२. वित्तिय समानीकरण अनुदान तर्फ रु.१८,६९,००,०००।- (अठार करोड उन्नान सत्तरी लाख)

३. राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.१२,३१,९६,५११।- (बारह करोड एकतिस लाख छ्यानब्बे हजार पाँच सय)

४ समपुर अनुदान रु.१,१५,००,०००।- (एक करोड पन्ध्र लाख)

५. बिशेष अनुदान रु.३,७५,००,०००।-(तिन करोड पचहत्तर लाख)

**जम्मा रु. ७५,९८,९६,५११।- (पचहत्तर करोड अन्ठानब्बे लाख छ्यानब्बे हजार पाँचसय एघार रुपैया)**

**ग) ५ नं. प्रदेश सरकार बाट प्राप्त हुने अनुदान**

१.शर्त अनुदान तर्फ रु.४,७८,५०,०००।- (चार करोड अठहत्तर लाख पचास हजार)

२. वित्तीय समानीकरण अनुदान तर्फ रु.६०,८९,०००।- (साठी लाख उन्नानब्बे हजार )

३. राजश्व बाँडफाँड बाट रु.१,६३,७५,०००।- (एक करोड त्रिसट्‌टी लाख पचहत्तर हजार)

**जम्मा रु. ७,३१,१४,०००।- (सात करोड एकतिस लाख चौंध हजार)**

घ) मालपोत रजिष्ट्रेशन शुल्क रु.४,००,००,०००।- (चार करोड)

ङ) संचित कोषमा मौज्दात हुने अनुमान रु.४,५०,००,०००।- (चार करोड पचास लाख )

**कुल जम्मा** रु.**८६,१७,१६,१०,५११।-**( छ्यासी करोड सत्र लाख दश हजार पाँच सय एघार रुपैंया )

हुने लक्ष्य प्रस्ताव गरेकी छु । जसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

१६. संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेटमा कार्यक्रम, क्रियाकलाप तथा बजेट रकम नै तोकी पठाएकाले जे जस्तो अवस्थामा नगरपालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको छ, सोही अनुसार नै यस बजेट तथा कार्यक्रम समावेश गरिएको छ ।

१७. माथि प्रस्तुत आय विवरण वमोजिमको कुल बजेट रु.**८६,१७,१६,१०,५११।-**( छ्यासी करोड सत्र लाख दश हजार पाँच सय एघार रुपैंया) निम्न वमोजिमको क्षेत्रहरुमा विनियोजना गर्न पेश गरेकी छु

१. पुर्वाधार विकास
२. सामाजिक विकास
३. आर्थिक विकास
४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन
५. वातावरण तथा विपद् व्यवस्थापन
६. चालु तथा प्रशासनीक खर्च

**कुल जम्मा :** रु.४६,७५,६०,५११।-(छ्यालीस करोड पचहत्तर लाख साठी हजार पाँचसय एघार रुपैंया)
**यसको विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।**

१८. नगरपालिकाको नगर गौरवका कार्यक्रम अर्न्तगत शुरु भएका सबै योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यसका साथै सवै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेकी छु ।

१९ .पुर्वाधार विकास तर्फ एक जगेडा समपुरक कोषका लागि रु.५ करोड प्रस्ताव गरेकी छु । नेपाल सरकार वा अन्य विकास साझेदार स्वदेशी तथा विदेशी संघ संस्थाबाट साझेदारीमा विकासका प्रस्ताव प्राप्त भएमा यस कोषबाट रकम खर्च गरी विकास कार्यक्रम सञ्चालन गरिनेछ । विकासमा जनताको साझेदारी विकास गरी तिब्र एवं द्रुत गतिमा विकास गर्ने उदेश्यका लागि यस वर्ष लागत साझेदारी कार्यक्रम संचालनका लागि आवश्यक बजेट ब्यवस्था गरेकी छु ।

२०. कोभिड-१९ संक्रमणको संभावित जोखिम न्युनिकरणका लागि स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रमा विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य निर्देशिका वमोजिमका पुर्वाधार निर्माण, उपचार र परिक्षणको आवश्यक प्रवन्ध गर्न, अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापन गर्न, कोभिड-१९ बाट संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्य गर्न र आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँगको समन्वयमा पिसिआर मेशिन खरिद गरी कोभिड-१९ परिक्षणको सेवा विस्तार गर्नका लागि यथेष्ट बजेटको व्यवस्था गरेकी छु ।

२१. भारत लगायत तेस्रो मुलुकवाट रोजगारी गुमाएर फर्कियका नागरिकहरुका लागि तत्काल रोजगारीका अवसरहरु सृजना गर्न कृषि र पशुपालनको क्षेत्रमा आवश्यक रकम विनियोजन गरेकी छु ।

२२. लामो समय देखि बसोवास गरिरहेका अब्यवस्थित, सुकुम्बासी तथा भुमिहिनहरुलाई **भूमि सम्बन्धि समस्या समाधान आयोग** को समन्वयमा **लालपुर्जा** वितरण गर्नका लागि आवश्यक पर्ने सेटलाईज ईमेज, तथ्याङ्क संकलन, जग्गाको क्षेत्रफल एकिन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति परिचालन र आवश्यक उपकरण खरिद सहितका व्यवस्थापकिय कार्य गर्न आवश्यक बजेट प्रस्ताव गरेकी छु ।

२३. सवै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूद, संस्कृति, पर्यटन लगाएतका सवै क्षेत्रको विकासका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ ।

२४. समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, अपाङ्ग लगायतको सशक्तीकरण र मुलप्रवाहीकरण का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२५. कोहलपुर नगरमा थारु जातिको बसोबास धेरै भएको, थारु संभाव्यता र संस्कृति कोहलपुरको पहिचान समेत भएकोले थारु संग्रहालय निर्माण, थारु संस्कृतिको जगेर्ना तथा **थारु संस्कृतिमा आधारित होम्स्टेका** लागि आवश्यक बजेटको विनियोजन गरिएको छु । **दलित संग्राहालयको** लागि समेत आवश्यक बजेट विनियोजन गरिएको छ ।

२६. कोभिड-१९ का कारणले आएको विषम आर्थिक संकटलाई मध्य नजर गर्दै सबै प्रकार बैठक भत्ता, प्रोत्साहन भत्ता र सुविधाहरुलाई कटौती गरी आर्थिक मितव्यीता अवलम्बन गर्न प्रस्ताव गरेकी छु ।

२७. राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै यस वर्ष कोहलपुरमा **संचार ग्रामको निर्माणका** लागि आवश्यक बजेट विनियोजन गरिएको छ । संचारकर्मीको क्षमता विकासका लागि समेत काम गरिने छ ।

२८. वातावरण तथा विपद् व्यवस्थापनको उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गर्नुका साथै नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न आवश्यक बजेट प्रस्ताव गरेकी छु । वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवर्धनका माध्यमबाट शहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपन, बन विकास, पार्क निर्माण, नर्सरी व्यवस्थापन लगायतका कार्यका लागि रकम विनियोजन गरिएको छ ।

२९. जनताको प्रत्यक्ष सरोकारसँग सम्वन्ध राख्ने विषय जनताहरुलाई वडा कार्यालय तथा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो ,चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक छ । अत : कार्यालय निर्माण तथा वडा कार्यालयहरुको मर्मत सुधार, कार्यालय फर्निचर, मेसिनरी औजार, उपकरण, सवारी साधन र अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था गर्न आवश्यक भएकाले यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३०.कार्यालयलाई वढी भन्दा वढी सेवाग्राही मैत्री बनाउन विभिन्न उपायहरु अवलम्बन गरिनेछ । यसका लागि कार्यालयमा आगन्तुक तथा सेवाग्राहीहरुका लागि सफा पिउने पानीको व्यवस्था, प्रतिक्षालय, गोलघर, विद्युतीय सूचना पाटी (Digital Display Board) , विद्युतीय टोकन प्रणाली, नागरिक सहायता कक्ष(Help Desk), टेलिभिजन, पंखा लगायतको व्यवस्था गरिनेछ ।

३१. समग्र नगरको **मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट)** चप्परगौडी घुईयावारी अर्न्तरप्रदेश सडक, कर्भड हल, अर्न्तराष्ट्रिय क्रिकेट मैदान, भ्युटावर तथा घण्टाघर, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, वाल अस्पताल, १५ शैयाको अस्पताल, बिद्युतिय सबदाह गृह र फोहोरमैला तथा दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्र निर्माण कार्य समयमा सञ्चालन तथा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

३२. कोभिड-१९ संक्रमण नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको वन्दावन्दीका कारणवाट भएको व्यापार व्यवसायको मन्दीलाई मध्यनजर गर्दै व्यवसाय करमा ३० प्रतिशत छुटका लागि प्रस्ताव गरेकी छु ।

३३. नगरक्षेत्रमा उद्योगी व्यवसायीहरुको आवश्यक सुरक्षा प्रबन्ध गर्न सिसिटिभि जडान, प्रहरी बिट स्थापना र नियमित सुरक्षा गस्तीको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३४.आन्तरिक श्रोत परिचालन क्षमताको विकासबाट श्रोत साधनको बृद्धि गर्न राजस्व संकलनलाई प्रभावकारी बनाई श्रोतको अभाव हुन नदिन करदाता शिक्षा, करदाता सम्मान लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । यसै आ.व.वाट अनलाईन विलिङ्ग प्रणालीको शुरुवात गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

३५.श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र नगरबासीहरुलाइ सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ । अत : म यसै

बजेट बक्तव्य मार्फत कोहलपुर नगरपालिकाका समस्त करदाताहरुमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु ।

३६. नगरबासीहरुका विकासका अनगिन्ती  चाहनाहरु बीच सिमित श्रोत साधनबाट बजेट तयार गर्दा सवै चाहाना र आवश्यकताहरु एकैचोटी सम्वोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चततालाई मध्यनजर गर्दै यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । हालको बिसम परिस्थीतिमा यस कुरालाई सकारात्मकरुपमा लिनुहुन म सवैमा हार्दिक अनुरोध गर्दछु ।

३७.बजेट तर्जुमा सँगसँगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । लक्षित कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवैमा म हार्दिक अनुरोध गर्दछु ।

**धन्यबाद ।**
सञ्जु कुमारी चौधरी
(नगर उपप्रमुख)
कोहलपुर नगरपालिका

**अनुसूची-१**
**आ.व. २०७७/०७८को राजस्व तथा अनुदान प्राप्तीको अनुमान**

| शिर्षक | | आ .व.२०७५/०७६ को यर्थात | आ.व. २०७६/०७७ को संसोधित | आ .व. २०७७/०७८ को |
|---|---|---|---|---|
| **राजश्व :** | | | | |
| **संकेत** | **आन्तरिक राजश्व :** | | | |
| ११३१३ | सम्पति कर | १७,९१८,६९१.४३ | ५,२८५,०७२.४२ | ९,०००,०००.०० |
| ११३११ | व्यक्तिगत सम्पतिमा लाग्ने कर | २००.०० | - | - |
| ११३१४ | भूमि कर (मालपोत) | ६,८६२,९१८.८१ | ७,१९०,५२१.०२ | १२,०००,०००.०० |
| ११३२१ | घरबहाल कर | ३,१६१,९५१.५२ | २,८५५,६५०.९९ | ४,०००,०००.०० |
| ११३२२ | बहाल बिटौरी शुल्क | ३,१४९,५४१.४० | ९६७,०००.०० | ३,०००,०००.०० |
| ११४५१ | साना सवारी साधन कर (टाँगा,रिक्सा,अटोरिक्सा,ई(रिक्सा- | - | - | २५०,०००.०० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर )निर्माण कार्यमामा नगर भित्रको सार्वजनिक जग्गा वा सडक प्रयोग गरेवापतको( | - | - | १५०,०००.०० |
| ११४७३ | अन्य मनोरञ्जन कर | १२,०००.०० | - | १००,०००.०० |
| ११४७२ | विज्ञापन कर | १६,५००.०० | २९,१३०.०० | १,०००,०००.०० |
| १४१५१ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | - | - | २५०,०००.०० |
| १४११९ | अन्य निकाय प्राप्त हुने ब्याँज प्राप्त रकम राजपत्र), पुस्तक, नक्शा आदि( | ३३०.०० | ३६,०१८.०० | - |

| | | | | |
|---|---|---|---|---|
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ९७६,१५५.०० | ३३२,०२७.०० | २५०,०००.०० |
| १४२१९ | अन्य सेवा शुल्क | ८२२,५१७.०० | १११,८५९.९४ | - |
| १४२४१ | पार्किङ्ग शुल्क | ७,९६०.०० | - | - |
| १४२४२ | नक्सा पास दस्तुर | ७,६००,१३१.४१ | ६,०९०,१४८.४० | ६,५००,०००.०० |
| १४२४३ | सिफारिस दस्तुर | ६,१९८,२९८.०० | ३,४५८,४५४.४२ | ५,५००,०००.०० |
| १४३४४ | ब्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | - | ५७,८९०.०० | ४५०,०००.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३१३,२५०.०० | ९१,०००.०० | ३०,०००.०० |
| १४२४९ | अन्य दस्तुर | ८११,९९३.०० | १,०५०,६४०.४९ | ७५०,०००.०० |
| ११६११ | कम्पनी रजिष्ट्रेशन दस्तुर | - | १३२,०००.०० | - |
| ११६१३ | ब्यवसाय रजिष्ट्रेशन दस्तुर तथा ब्यवसाय कर | २,०८०,५१५.०० | २,०७०,३३७.०० | ४,०००,०००.०० |
| १४२६५ | अन्य क्षेत्रको आय लालपुर्जा) बितरण( | - | - | १,०००,०००.०० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | - | - | २०,०००.०० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ८४,७५१.०० | १०६,६५१.७४ | ५००,०००.०० |
| १४५२९ | अन्य राजश्व | १०७,०००.०० | २०८,०४८.०० | ५००,०००.०० |
| ११६०० | कवाडी कर | - | - | २००,०००.०० |
| १४१७१ | सामुदायिक वनको वन पैदावार बिक्रिबाट | - | - | ४५०,०००.०० |
| १४५२१ | प्रदुशन नियन्त्रण शुल्क | - | - | १००,०००.०० |
| **उप जम्मा** | | **५०,१२४,७०३.५७** | **३०,०७२,४४९.४२** | **५०,०००,०००.००** |
| | **राजश्व बाँडफाँड :** | | | |
| ११४११ | राजश्व बाँडफाँड संघीय सरकार | ९५,९८६,४३९.०० | ७१,५३३,६०७.२६ | १२३,१९६,५११.०० |
| | प्रदेश सरकार राजस्व बाँडफाँड सवारी) (साधन कर | ५,८७८,१७२.०० | ६२३,६६४.१८ | १६,३७५,०००.०० |
| | संरक्षित क्षेत्रको रोयल्टी अनुमान | - | - | - |
| **उप जम्मा** | | **१०१,८६४,६११.००** | **७२,१५७,२७१.४४** | **१३९,५७१,५११.००** |
| **अन्य आय :** | | | | |
| ११३१५ | मालपोत वापत प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन शुल्क | - | ६६,००२,६२७.४० | ४०,०००,०००.०० |
| १५१११ | बेरुजु असुली | - | - | - |
| | नगद मौज्दात (संचित कोष) | ११७,१२३,२४९.८ | ४५,०००,०००.०० | ४५,०००,०००.०० |
| **उप जम्मा** | | **११७,१२३,२४९.७८** | **१११,००२,६२७.४०** | **८५,०००,०००.००** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | | - |
| २६३३१ | वित्तीय समानीकरण अनुदान | १८३,५००,०००.०० | १९१,५००,०००.०० | १८६,९००,०००.० |
| २६३३२ | सशर्त अनुदान | २५६,८८८,०००.०० | २६०,४२५,०००.०० | २९७,३००,०००.०० |
| २३३३४ | समपूरक अनुदान | २६,०००,०००.०० | १५,३६७,१००.०० | ११,५००,०००.०० |
| २६३३३ | विषेश अनुदान | ३१,४६६,०००.०० | १३,३००,०००.०० | ३७,५००,०००.०० |
| | सडक बोर्ड | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| **उप जम्मा** | | ४९७,८५४,000.0 | ४८0,५९२,१00.0 | ५३३,२00,000.0 |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | |
| | वित्तीय समानीकरण अनुदान | ५,२५४,000.00 | ५,१४२,000.00 | ६,0८९,000.00 |
| | सशर्त अनुदान | – | ८१,000,000.00 | ४७,८५0,000.00 |
| | समपूरक अनुदान | – | – | – |
| | विषेश अनुदान | – | – | – |
| **उप जम्मा** | | ५,२५४,000.0 | ८६,१४२,000.0 | ५३,९३९,000.0 |
| | **अन्य स्थानिय तहबाट प्राप्त अनुदान :** | | | - |
| | सशर्त अनुदान | - | - | - |
| | समपूरक अनुदान | - | - | - |
| | विषेश अनुदान | - | - | - |
| **उप जम्मा** | | - | - | - |
| | **जनसहभागिता :** | | | - |
| | नगद सहभागिता | - | - | - |
| | श्रम तथा वस्तुगत सहायता | - | - | - |
| **उप जम्मा** | | - | - | - |
| | **कुल जम्मा** | ७७२,२२0,५६४.३५ | ७९४,७६६,४४८.२६ | ८६१,७१0,५११.00 |

## अनुसूची-२
## निर्शत बजेटको प्रस्तावित क्षेत्रगत बाँडफाँड

| क्र.स. | आय शिर्षक | रकम | क्र.स. | प्रस्तावित क्षेत्रगत व्यय शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | **नेपाल सरकार** | | १ | चालु तथा प्रशासनिक खर्च | १७६,000,000।0 |
| १.१ | वित्तीय समानीकरण अनुदान | १८६,९00,000।0 | २ | पुर्वाधार विकास तर्फ | १८१,५६0,५११।00 |
| १.२ | संघिय राजश्व बाँडफाँड | १२३,१९६,५११।0 | ३ | सामाजिक विकास तर्फ | ५५,000,000।0 |
| २ | **प्रदेश सरकार** | | ४ | आर्थिक विकास तर्फ | ३५,000,000।0 |
| २.१ | वित्तीय समानीकरण अनुदान | ६,0८९,000।0 | ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ | १0,000,000।0 |
| २.३ | राजश्व बाँडफाँड (सवारी साधन कर) | १६,३७५,000।0 | ६ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १0,000,000।0 |
| ३ | मालपोत रजिष्ट्रेशन शुल्क | ४0,000,000।0 | | | |
| ५ | नगद मौज्दात (संचित कोष) | ४५,000,000।0 | | | |
| ६ | आन्तरिक राजश्व | ५0,000,000।0 | | | |
| | **जम्मा** | ४६७,५६0,५११।0 | | **जम्मा** | ४६७,५६0,५११।0 |